कारोबार ENGLISH



# सुख्खा बन्दरगाहको ठेकेदार सम्पर्कविहीन

July 12, 2016 Categories अर्थ, प्रमुख समाचार



**कारोबार संवाददाता**

काठमाडौं, २८ असार

काठमाडौंको चोभारमा निर्माणाधीन सुख्खा बन्दरगाहको जग्गा खाली गर्ने जिम्मा पाएको ठेकेदार कम्पनी सम्पर्कविहीन भएको छ । हिमाल सिमेन्टको जग्गामा रहेका ठूला मेसिनरी तथा अन्य सामान हटाउने जिम्मेवारी लिएको निर्माण कम्पनी सुशम आदित्य विजय निर्माण प्रालि ५ महिनादेखि बेपत्ता हुँदा काम सुरु हुन सकेको छैन ।

नेपाल इन्टरमोडल यातायात विकास बोर्ड प्रमुख लक्ष्मण बस्नेतले ५ महिनादेखि पटकपटक पत्राचार गरे पनि यसका सञ्चालक सुमन्त कोइराला सम्पर्कमा नआएको बताए । सञ्चालक कोइरालाको त्रियुगा नगरपालिका १ गाईघाटमा

पटकपटक पत्र पठाइए पनि उनी सम्पर्कमा नआएको बस्नेतको भनाइ छ । "ठेकेदारलाई पटकपटक सम्पर्क गर्न खोजे पनि भेट्न सकिएको छैन" उनले भने, "कहाँ छन्, अब कसरी काम गर्छन् भन्ने समेत जानकारी छैन ।"

बस्नेतका अनुसार एनआईडीसीले हिमाल सिमेन्टमा रहेका मेसिनरी सामानलगायतका भवनहरू ६ महिनाभित्र हटाउन २०७१ असोजमा सुशमसँग सम्झौता गरेको थियो । एनआईडीसी डेभलपमेन्ट बैंकमा हिमाल सिमेन्ट कारखानाको नाममा रहेको २६ करोड ऋणमध्ये १३ करोड रुपैयाँ मेसिनरी सामान लिलामी बिक्रीबाट उठाउने योजना छ । यस्तै, थप १३ करोड भुक्तानी गरी हिमाल सिमेन्टको जग्गा सरकारले आफ्नो नाममा ल्याएको थियो । बस्नेतले भने, "तर, अहिलेसम्म कुनै पनि काम भएको छैन ।"

सुख्खा बन्दरगाह विश्व बैंकको सहयोगमा निर्माण हुन लागेको हो । विश्व बैंकले मार्च महिनाभित्रै कारखानामा रहेका ठूला मेसिनरी सामान हटाउन बोर्डलाई आग्रह गरेको थियो । "अहिले सुख्खा बन्दरगाह सर्भे तथा डिजाइनको काम भइरहेको छ" बस्नेतले भने, "निर्माण सुरु भएपछि सामान नहटाउँदा काम रोकिने अवस्था देखिएको छ ।"

एनआईडीसीले सिमेन्ट कारखानाको मेसिनरी सामान हटाउन ठेकेदारलाई सम्पूर्ण अधिकार दिइसकेकाले आफू जिम्मेवार नरहेको बताएको छ । "त्यहाँ भएका सामान हटाउनका लागि ३/४ महिनाभन्दा बढी लाग्ने देखिन्छ" बस्नेतले भने, "अब ठेकेदार सम्पर्कमा नआए बोर्ड आफैंले सामान हटाएर सम्पूर्ण खर्च ठेकेदारबाटै शोधभर्ना हुने गरी काम गर्छौं ।"

विश्व बैंकले नेपालको व्यापार सहजीकरण तथा भन्सार आधुनिकीकरण गर्न 'नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात परियोजना'का लागि छुट्ट्याएको ९९ मिलियन डलर (करिब १० अर्ब रुपैयाँ) मध्येबाट १ अर्ब ५५ करोड रुपैयाँ काठमाडौंमा सुख्खा बन्दरगाह निर्माणका लागि विनियोजना गरिएको हो । योजनाअनुसार काठमाडौंमा सन् २०१९ भित्र बन्दरगाह निर्माण हुनुपर्नेछ ।

हिमाल सिमेन्ट कारखाना रहेको परिसरमा ८ सय १६ रोपनी जग्गा छ । त्यहाँ मालबाहक ट्रक/कन्टेनर पार्किङको व्यवस्था हुनेछ । सुख्खा बन्दरगाहमा ट्रक/कन्टेनरको स्टेसन हुनेछ । सुख्खा बन्दरगाहमा भन्सार, क्वारेन्टाइन प्रयोगशाला, बिमा कम्पनी र बैंकिङ सुविधा पनि हुनेछ । यसको निर्माणसँगै ठाउँठाउँमा निर्यात हुने सामान चेकजाँच गर्ने झन्झट हट्नुका साथै सामानको टुटफुट पनि कम हुनेछ । कोलकाता बन्दरगाहबाट आएका मालबाहक सवारीमा लक लगाएर सिधै यहाँको बन्दरगाहमा चेकजाँच गर्न सकिने योजना बनाइएको छ । यसबाट वीरगन्जलगायत अन्य भन्सारको जाम हट्ने तथा छिटो र सहज रूपमा सामान आउने जनाइएको छ ।